# EUROPEAN UNION
## ELECTION OBSERVATION MISSION - NEPAL 2013
### CONSTITUENT ASSEMBLY ELECTIONS

#

## थप ४० पर्यवेक्षकसँगै ईयु ईओएमले नेपालमा आफ्नो उपस्थितिलाई सबल बनाएको छ

काठमाडौं, २७ कात्तिक । आउँदो मंसिर ४ गते हुने संविधानसभाको निर्वाचनको पर्यवेक्षण गर्न युरोपियन युनियनका २६ सदस्य राष्ट्रका साथै स्विट्जरल्यान्ड र नर्वेबाट समेत सहभागी युरोपियन युनियनका ४० जना अल्पकालीन पर्यवेक्षकहरूको एउटा समूह आज देशभर परिचालन हुँदैछ ।

पर्यवेक्षकहरू कात्तिक २५ गते काठमाडौं आइपुगेका हुन् । दुई दिनको विस्तृत जानकारीपश्चात् उनीहरू कात्तिक २ गतेदेखि नै देशभर परिचालित ईयुका ३४ जना दीर्घकालीन पर्यवेक्षकहरूसँग आज संलग्न हुँदैछन् । समग्रमा, मुख्य टोलीसहित युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम)का ८३ जना पर्यवेक्षकहरू अहिले देशभर कार्यरत छन् ।

निर्वाचनको दिन ईयु सदस्य राष्ट्र र स्विट्जरल्यान्डको राजदूतावासका स्थानीय रूपबाट भर्ना गरिएका २० जना अल्पकालीन पर्यवेक्षकहरूले पनि ईयु ईओएमको छातामुनि पर्यवेक्षण गर्नेछन् । युरोपेली संसदको एक प्रतिनिधिमण्डल पनि निर्वाचनको दिनका लागि ईयु ईओएममा संलग्न हुनेछ ।

“सबै पर्यवेक्षकहरू मतदान र मतगणनाको प्रक्रियाका लागि देशभरका सहरी र ग्रामीण क्षेत्रमा समेत उपस्थित हुनेछन् । हाम्रो उपस्थितिले शान्तिपूर्ण प्रक्रियाका लागि अनुकूल वातावरण बनाउनमा योगदान गर्नेछ भन्ने हामीलाई आशा लागेको छ”, ईयु ईओएमकी प्रमुख पर्यवेक्षक इभा जोलीले भन्नुभयो । “सबै राजनीतिक दल तथा तिनका समर्थकहरू मंसिर ४ मा हुने निर्वाचनको दिन तथा त्यसको अघि र पछिसमेत कुनै पनि प्रकारको हिंसाबाट टाढा रहनेछन् भन्ने मैले हार्दिक आशा गरेकी छु”, प्रमुख पर्यवेक्षकले भन्नुभयो ।

ईयु ईओएमले निर्वाचनको दुई दिनपछि प्रारम्भिक निष्कर्षहरूबारे एउटा वक्तव्य जारी गर्नेछ ।

*थप जानकारीका लागि सम्पर्क गर्नुहोस्:* ***प्रेस अधिकृत एबरहार्ड लौए***
*मोबाइल: +९७७ ९८०१ १०१९८६ इमेल: eberhard.laue@eueomnepal.eu*

**हामीलाई www.facebook.com/EUEOM.Nepal.2013 मा like तथा ट्विटरमा @eueomne मा follow गर्नुहोला ।**

*European Union Election Observation Mission – Nepal 2013*
*Trade Tower, Ground floor, Thapathali, Kathmandu – Nepal*
*Tel: +977 (1) 5111 08 1/2/3 - Fax: +977 (1) 5111084*
*E-mail: info@eueomnepal.eu - Web: www.eueomnepal.eu*